"जुम्लाको सभ्यता, जुम्लाकै समृद्धि — सुशासनसहितको नयाँ राजनीति"

---



# बिनिता कठायत

## प्रतिनिधि सभा उम्मेदवार – जुम्ला

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)

### हाम्रो वाचापत्रपत्र

नागरिक करारमा आधारित, काम गरेर देखाउने प्रतिबद्धता- हाम्रो करारपत्र

---

## हाम्रो दृष्टि (Vision)

सुशासन, सेवा र सम्भावनाको केन्द्र बनेको जुम्ला।
जहाँ नागरिकले अधिकार पाउँछन्, अवसर सिर्जना हुन्छ र राज्य देखिन्छ।

---

### १. सडक सञ्जालमा सबैको पहुँच

- जुम्लालाई राष्ट्रिय सडक सञ्जालसँग सुरक्षित, दिगो र सबै मौसममा चल्ने सडकद्वारा जोड्ने उद्देश्य का लागी कर्णाली राजमार्ग लाई डबल लेन सडक मा स्तरोन्नति गर्ने।
- सुर्खेत – महाबुलेक – नाग्म – गमगढ़ी – नाक्चे लाग्ना सडकलाई "खस राजमार्ग" नामाकरण गरी राष्ट्रिय गौरब को योजना बनाउने तथा सहायक सडकको गुणस्तरीय निर्माण र नियमित मर्मत।
- वैकल्पिक राजमार्गको व्यवस्था गरेर बिना कुनै अवरोध यातायतको सुविधा सुनिश्चित गर्ने।
- दुर्गम बस्तीका लागि सडकसँगै सेवा पुऱ्याउने नीति।

## २. संस्कृति तथा पर्यटन प्रवर्द्धन

- जुम्लाको सिँजाबाट सुरु हुने गरी हिमा सिँजा कनका गाउँपालिकाका खस सभ्यता झल्किने पर्यटकीय क्षेत्र बुड्डु मष्ट, पाण्डु गुफा, कनकासुन्दरी मन्दिर, बिराट देबार लगायतका सांस्कृतिक क्षेत्र अवलोकनका लागि चक्रपथीय पर्यटन मोडेल लागू।
- भुलभुले हुँदै पातारासि हिमाल, शंकर झरना, पातरासिमा फल्ने मार्सी चामल, बालीघाट ताल तथा त्यहाँको स्थानीय कला तथा संस्कृति प्रवर्द्धन।
- गोठिचौर गाउँपालिकाको आकाशे ताल, नापानी गाउँ, स्याउ बगैँचा, भेडा फार्म, चीमारा मालिका, ठाकुर ज्यू मन्दिर र स्थानीय कला तथा संस्कृति प्रवर्द्धन।
- चन्दननाथ नगरपालिकाको श्री गुरु चन्दननाथ मन्दिर, कर्णाली प्राविधिक विद्यालय, श्री बटुक भैरव मन्दिर, गुम्बा र स्थानीय कला तथा संस्कृति प्रवर्द्धन
- तातोपानी र तिला क्षेत्रलाई जोड्ने पर्यटकीय मार्ग निर्माण गरेर तातोपानी गाउँपालिकाको गिरी दह, तातोपानीमा नुहाउने, सुनार गाउँ भ्रमण, बाबुरो मष्ट, भुडिचुरी मालिका, स्थानीय कला तथा संस्कृति प्रवर्द्धन।
- तिला गाउँपालिकामा त्रीभेनी दर्शन, रासमालापाली होमस्टे गाउँ निर्माण र स्थानीय कला तथा संस्कृति प्रवर्द्धन।
- मस्टो संस्कृति, मन्दिर, ताल, झरना, होमस्टे र कृषि–पर्यटन प्रवर्द्धन गर्दै स्थानीय रोजगारी र आय सिर्जनामा पर्यटनलाई केन्द्र।

---

## ३. शिक्षा र रोजगारी

- जुम्लामा सीपमूलक, प्रविधिमैत्री, व्यवसायिक र रोजगारमुखी शिक्षा प्रदान गर्न प्राविधिक/व्यवसायिक कलेजहरूलाई संस्थागत गर्ने।
- सिँजामा खस भाषा विश्व विद्यालयको स्थापना गर्ने।
- स्थानीय सीप तालिमलाई उद्योग, पर्यटन र कृषिसँग जोड्ने।
- पढाइपछि रोजगारी सुनिश्चित गर्ने स्थानीय अवसर नीति।

---

## ४. युवा दृष्टिकोण

- युवालाई पलायन होइन, नेतृत्व र उद्यमशीलतातर्फ उन्मुख गर्ने।

- स्टार्टअप, सहकारी र नवप्रवर्तनका लागि सहुलियत ऋण र तालिम।

- नीति निर्माणमा युवाको प्रत्यक्ष सहभागिता।
- पातारासिमा हाइ अल्टिच्युट ट्रेनिङ सेन्टरको निर्माण सम्पन्न

---

## ५. स्वास्थ्य

- कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा राजनितिक हस्तक्षेपमा पूर्ण प्रतिबन्ध तथा प्रतिष्ठानलाई पूर्ण क्षमतामा सञ्चालन गरी असाध्यै संबेदनशील परिस्थिती मा बाहेक बिरामी रेफर गर्नु नपर्ने गरी अस्पताल सबलीकरण तथा व्यवस्थापन गर्ने।
- दुर्गम बस्तीमा मोबाइल स्वास्थ्य सेवा।
- गर्भवती, ज्येष्ठ नागरिक, अपाङ्ग र विपन्नका लागि निःशुल्क उपचार प्याकेज।
- एक पालिका एक बर्थिङ सेन्टरको व्यवस्था।
- आकस्मिक उपचारका लागि छिटो रेफरल व्यवस्था।

---

## ६. विद्युत्, दूरसञ्चार र खानेपानी

- प्रत्येक बस्तीमा भरपर्दो विद्युत् सेवा।
- इन्टरनेट र दूरसञ्चार पहुँचलाई आधारभूत सेवा बनाउने।
- सुरक्षित र दिगो खानेपानी व्यवस्थापन।

---

## ७. महिला सशक्तीकरण

- महिला नेतृत्वमा होमस्टे, कृषि, जडीबुटी र पर्यटन उद्यम।
- सीप, पूँजी, बजार र बीमामा प्राथमिक पहुँच।
- शिक्षा, स्वास्थ्य र रोजगारीमा महिलाको सुनिश्चित अधिकार।
- हरेक महिलाको वित्तिय पहुँच बढाउन बैङ्क खाता अनिवार्य खोलिने।

## ८. जडीबुटी र वनको उचित प्रयोग

- जुम्लाको जडीबुटी प्रशोधन तथा प्याकेजिङ केन्द्र पूर्ण सञ्चालन।
- महिला र युवामुखी सामूहिक जडीबुटी खेती।
- वन संरक्षण पहिलो प्राथमिकता — त्यसपछि दिगो उपयोग।

---

## ९. जवाफदेहिता र पारदर्शिता

- सबै विकास योजना र बजेटको खुला सार्वजनिक विवरण।
- नागरिक गुनासोका लागि २४ घण्टा हाटलाइन।
- भ्रष्टाचार, ढिलासुस्ती र दलालीमा शून्य सहनशीलता।

---

## १०. सुशासन र नागरिक सेवा

- सबै सरकारी सेवा एकद्वार प्रणालीमा।
- नागरिकलाई कार्यालय धाउनुपर्ने होइन, सेवा घरमै पुग्ने व्यवस्था।
- काम नगर्ने होइन, काम गरेर देखाउने राजनीति।

---

जुम्ला दुर्गम होइन, सम्भावनाको केन्द्र हो। यो घोषणापत्र वाचा मात्र होइन — नागरिकसँग गरिएको स्पष्ट करार हो। हाम्रो सभापतीज्यु ले आव्हान गर्नु भए झैँ हामीलाई स्पष्ट बहुमत प्रदान गर्नु भएर हामीले काम गर्न नसकेको खण्डमा अर्को पटक हामीलाई भोट नदिनु होला।